परिशिष्ट ७

घरलु सङ्गतिको कार्यक्रम

घरलु सङ्गति भनेको एकले अर्कालाई निर्माण गर्दै जानको निम्ति कुनै घरमा कम्तीमा हप्ताको एकपटक भेटघाट गर्ने करिब १० जना विश्वासीहरूको समूह हो र यसलाई घरेलु समूह वा सानो समूह पनि भन्न सकिन्छ।

१. घरेलु सङ्गतिको निम्ति केही व्यवहारिक सुझावहरू

तपाईंको स्थानीय परिस्थितिहरूलाई ध्यानमा राखेर घरेलु सङ्गति निर्माण गर्नुहोस्। केही घरेलु सङ्गतिहरूका विशेषताहरू यस प्रकारका छन्:

(क) हरेक हप्ता एकपटक भेट गर्ने गर्नुहोस्।

(ख) हरेक हप्ता समूहको उही सदस्यको घरमा भेटघाट गर्ने गर्नुहोस् अथवा पालो मिलाएर उक्त समूहको फरक-फरक सदस्यहरूको घरमा भेट्नुहोस्। छिमेकीहरूलाई वाधा पुग्ने घरमा भेट्ने नगर्नुहोस् र त्यसैगरी तपाईंहरूद्वारा अरूको ध्यान आकर्षित ठाउँमा पनि भेट्ने नगर्नुहोस्।

(ग) उक्त समूह वृद्धि हुँदैगएर १० जनाभन्दा बढी हुँदै गयो भने त्यसलाई दुई समूहहरूमा विभाजन गर्नुहोस् र ती दुई समूहहरूलाई फरक-फरक स्थानहरूमा भेट्ने व्यवस्था मिलाउनुहोस्।

(घ) ठूलो सोरमा गीत-भजन गाएर, कुराकानी गरेर र प्रार्थना गरेर अनावश्यकरूपमा अरूलाई वाधा दिने र अरूको ध्यान खिच्ने नगर्नुहोस्। मधुर आवाजमा (सानो सोरमा) बोल्ने र प्रार्थना गर्ने गर्नुहोस्। अप्ठ्यारो परिस्थिति छ भने समूहका मानिसहरूले सङ्गति गर्दा निस्कने आवाज घरबाहिर सुनिनु हुँदैन।

(ङ) सङ्गति गर्ने घरमा जाँदा र त्यहाँबाट निस्कदा एक्लै वा दुई-दुई जना गरी हिँड्नुहोस् तर सबै जना एकै समूहमा नहिँड्नुहोस्।

(च) तपाईंहरूको घरेलु सङ्गतिको बारेमा अरू मानिसहरूले सोधे भने त्यसको सबैले एउटै उत्तर दिने निर्णय गर्नुहोस्।

(छ) उक्त घरेलु सङ्गतिको हरेक सदस्य सहमत भइसकेपछि मात्र नयाँ व्यक्तिलाई त्यो समूहमा स्वागत गर्नुहोस्।

(ज) घरेलु सङ्गतिको अगुवासँग अर्को सहयोगी हुनुपर्छ र उक्त सहयोगीलाई तालिम दिएर नयाँ घरेलु सङ्गतिको अगुवा बनाउनु पर्छ।

(झ) समूहको अगुवासँग मात्र समूहको अगुवाहरूको निर्देशिक पुस्तकको प्रतिलिपि हुनु पर्छ। समूहको अरू सदस्यहरूले आफैले नोट बनाउनु पर्छ।

(ञ) घरेलु सङ्गतिको उद्देश्य भनेको समूहको हरेक सदस्यलाई सक्रियरूपमा सहभागी गराई एकले अर्कोलाई निर्माण गर्दैजानु हो।

२. घरेलु सङ्गतिको कार्यक्रम

अगुवाहरूको निर्देशिका पुस्तकले घरेलु सङ्गतिको कार्यक्रमबारे सुझाब दिन्छ (विषय सूची हेर्नुहोस्)।

२ देखि १५ जना विश्वासीहरूको सानो समूह हरेक हप्ता कुनै घरमा भेट्ने गर्छन्...

केवल चेलापनको लागि

घरेलु सङ्गतिमा हरेक महिनाको पहिलो र तेस्रो हप्ता चेलापन (क) र दोस्रो र चौथो हप्ता चेलापन (ख) सञ्चालन गरिन्छ। एक हप्ताभरि तिनीहरूले विशेषगरी आराधना र शिक्षा अभ्यास गर्छन् र अर्को हप्ताभरि तिनीहरूले विशेषगरी बाइबल पद कण्ठ र बाइबल अध्ययन गर्छन्।

अथवा, चेलापन र सेवाको लागि

हरेक तीन हप्ताहरू चेलापन (क र ख) अनि सेवा (ग) सञ्चालन गरिन्छन्। पहिलो हप्ताभरि विशेषगरी आराधना र शिक्षा, दोस्रो हप्ताभरि विशेषगरी बाइबल पद कण्ठ र बाइबल अध्ययन अनि तेस्रो हप्ताभरि विशेषगरी गीत-भजन गाउने, प्रचार गर्ने, प्रार्थना गर्ने र प्रभुभोज अथवा बप्तिस्माको कार्यक्रम सञ्चालन गर्ने।

चेलापन (क)	चेलापन (ख)	घरमा गरिने सेवा (ग)
- आराधना (गीत-भजनसहित) (२० मिनेट) - शान्त समयको कुरा बाँड्ने (२० मिनेट) - शिक्षा (७० मिनेट) - प्रतिक्रिया जनाउने प्रार्थना (८ मिनेट) - गृहकार्यको तयारी (२ मिनेट) - चिया-खाजा र सङ्गति (शान्तपूर्वक)	-पद कण्ठ (२० मिनेट) -शान्त समयको कुरा बाड्ने (२०मिनेट) -बाइबल अध्ययन (७० मिनेट) -अन्तरबिन्ती प्रार्थना (८ मिनेट) -गृहकार्यको तयारी (२ मिनेट) -चिया-खाजा (शान्तपूर्वक)	- गीत-भजन गाउने (४५ मिनेट) -प्रचार (१५ मिनेट) -प्रार्थना (३० मिनेट) -प्रभुभोज, बप्तिस्मा अथवा सङ्गति (आवश्यक भए खाना) (३० मिनेट)

३. बुद्धिमानी घरेलु सङ्गति

केही ठाउँहरूमा छिमेकीहरू विरोधी भई सत्रुतापूर्वक व्यवहार गर्ने हुन्छन्। विशेष गरी अप्ठ्यारो परिस्थितिहरूमा विश्वासीहरूले बुद्धिमानीपूर्वक काम गर्नु पर्छ भनी येशूले उपदेश दिनुहुन्छ। छिमेकीहरूलाई अप्रसन्न पार्ने वा रिस उठाउने किसिमले भेला नहुनुहोस्। घरेलु सङ्गतिको भेलामा गीत-भजन गाउनु बुद्धिमानी हुन्छ कि हुँदैन भन्ने कुरामा पहिले नै ध्यान दिनुहोस्। घरेलु सङ्गतिको भेलामा ठूलो सोरमा बोल्ने र प्रार्थना गर्ने नगर्नुहोस्। यस्तो किसिमले बोल्ने र प्रार्थना गर्ने गर्नुहोस् ताकि ढोकाबाहिर उभिएको मानिसले त्यो सुन्न नसकोस्। उक्त सङ्गति वा समूहलाई बुद्धिमानिपूर्वक सञ्चालन गर्न अभ्यास गरिरहनुहोस्।

४. उत्तरदायी समूह

घरेलु सङ्गति भनेको ख्रीष्टको शरीरको साँचो भाग हो (ख्रीष्टको शरीर भनेको संसारको एउटै मण्डली हो)!

१ कोरिन्थी १२:१२-२८ पढ्नुहोस्।

क. यदि उक्त घरेलु सङ्गति वर्तमान अस्तित्वमा भएको कुनै मण्डलीको भाग हो भने माथिको कार्यक्रमलाई पछ्याउनुहोस्।

ख. यदि उक्त घरेलु सङ्गति अस्तित्वमा भइरहेको कुनै मण्डलीको भाग होइन भने पनि माथिको कार्यक्रमलाई पछ्याउनुहोस् र बप्तिस्मासम्बन्धी विषयहरू, प्रभुभोज, इसाई विवाह, एल्डरहरूको अगुवापन र आवश्यक परेमा अनुशासन कसरी गर्ने भनी सिक्नुहोस्।

ग. उक्त घरेलु सङ्गतिको सदस्यहरूले उनीहरूका घरेलु सङ्गति अथवा उक्त घरेलु समूहलाई हिब्रू १०:२४-२५ मा उल्लेख गरिएअनुसारको विश्वासीहरूको नियमित भेटघाट हो भनी ठान्दछन्। हिब्रू १०:२४-२५ पढ्नुहोस्।

घ. उक्त घरेलु सङ्गतिको सहभागीहरूलाई प्रत्येक घरेलु सङ्गतिको भेलामा आउनको निम्ति निर्धारित गरिएको हुन्छ।

ङ. उक्त घरेलु सङ्गतिको सहभागीहरूले विशेषगरी परमेश्वरसँग दैनिकरूपमा व्यक्तिगत समय बिताएर अनि त्यसरी परमेश्वरसँग व्यक्तिगत समय बिताएको प्रत्येक दिनको बारेमा केही कुरा नोटबुकमा लेखेर अर्को भेलाको निम्ति आफूलाई तयार पार्दछन्।

च. उक्त घरेलु सङ्गतिका सहभागीहरूले आफूलाई सिकाइएका कुराहरू सिक्न र जीवनमा लागू गर्न प्रतिज्ञा गर्छन्।

छ. उक्त घरेलु सङ्गतिका सहभागीहरूले वृद्धि हुनको निम्ति, एकले अर्कालाई उत्साह दिनको लागि, आफ्नो खाँचोहरू एक अर्कामा बाँड्नको निम्ति र एक अर्काको निम्ति प्रार्थना गर्नको निम्ति सहायता गर्ने गर्छन्।

ज. उक्त घरेलु सङ्गतिका सहभागीहरूले आफ्ना कठिनाइ र सङ्घर्षहरू बाँड्न र तिनीहरूले गरेका प्रगतिको लेखा दिन इच्छुक हुने गर्छन्।